# एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

**सबैको सुरक्षा, एनएलजीको ईच्छा**

पो.ब.नं. २०६००, पानीपोखरी, लाजिम्पाट, काठमाण्डौं, नेपाल
फोन नं. ०१-४००६६२५, ४५४२६४६, ४५१८११३
ईमेल : info@nlgi.com.np वेभसाईट www.nlgi.com.np

## श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको उन्नाइसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्युट) सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ७५(३) बमोजिम प्रकाशित सार्वजनिक सूचना

**बैधानीक सभा :**
मिति २०८२ साल जेष्ठ २ गते बसेको श्री एनएलजी ईन्स्योरेन्स कम्पनी लिमिटेडको सञ्चालक समितिको ४७६औं बैठकको निर्णयानुसार यस कम्पनीको नियमावलीको नियम १० र कम्पनी ऐन २०६३ को दफा ७६(१) बमोजिम बोलाइएको कम्पनीको उन्नाइसौं वार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिको अध्यक्ष श्री बिमल प्रसाद वाग्लेज्यूको सभापतित्वमा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय भई सुसम्पन्न भयो ।

**उन्नाइसौं वार्षिक साधारण सभा बसेको मिति, समय र स्थान :**
**सभा मिति** : २०८२ जेष्ठ २९ गते, बिहीबार (तदनुसार १२ जुन, २०२५)
**सभा समय** : बिहान ११:०० बजे देखि
**सभा स्थान** : आम्रपाली ब्याङ्केट, थिरबम सडक, बालुवाटार, काठमाण्डौं ।

**सभाको सूचना प्रकाशन :**
कम्पनीको मिति २०८२/०२/०२ मा बसेको संचालक समितिको बैठकबाट निर्णय भए अनुसार कम्पनीको नियमावलीको नियम १० को व्यवस्था तथा कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम यस कम्पनीको उन्नाइसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयहरु सहितको विवरण खुलाई सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सभा सम्बन्धी अन्य जानकारी तथा कम्पनी ऐन २०६३ को दफा ८४ (१) अनुसारको आ.व. २०८०/८१ को संक्षिप्त आर्थिक विवरण सहित उल्लेख गरी सभा हुने मिति भन्दा २१ दिन अगावै मिति २०८२ साल जेष्ठ ४ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा र मिति २०८२ साल जेष्ठ ८ गतेको कारोबार राष्ट्रिय दैनिकमा गरी दुई पटक सूचना प्रकाशित गरी जानकारी गराइएको थियो । कम्पनीको उन्नाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना तथा उन्नाइसौं वार्षिक प्रतिवेदन कम्पनीको वेवसाइट www.nlgi.com.np मा समेत राखिएको थियो ।

**छलफलका विषयहरु :**
**विषय सूची :**
**(क) साधारण प्रस्तावहरु :**
(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा पेश हुने आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८१ साल आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८०/८१ को मुनाफाबाट प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको समायोजनका लागि रु. ३२,९२,९७१/-(०.१३१५७९ प्रतिशत) नगद लाभांश स्विकृत गर्ने ।
(५) संचालक समितिको बैठक भत्ता बारे ।

**(ख) विशेष प्रस्तावहरु :**
(१) सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम आ.व. २०८०/८१ को मुनाफाबाट चुक्तापुँजी रु. २,५०,२६,५७,९८२/- (अक्षेरेपि दुई अर्ब पचास करोड छबिस लाख सन्ताउन्न हजार नौ सय बयासी रुपैयाँ) को २.५० प्रतिशतको दरले रु. ६,२५,६६,४५०/- (अक्षेरेपि छ करोड पचिस लाख छैसाठी हजार चार सय पचास मात्र) बराबर बोनस शेयर वितरण गर्ने । बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।
(२) यस सभामा प्रस्तावित बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्तापुँजी बृद्धि भई रु.२,५६,५२,२४,४३२/- (दुई अर्ब छपन्न करोड बाउन्न लाख चौबीस हजार चार सय बत्तीस रुपैयाँ) पुग्ने हूँदा सोही अनुसार जारी तथा चुक्तापुँजी प्रबन्धपत्रको दफा ५ (ख) (ग) (घ) तथा नियमावलीमा नियम ५ (ख) (ग) (घ) मा संशोधन गर्ने प्रस्ताव स्वीकृत गर्ने ।
(३) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
(४) कम्पनी ऐन २०६३ को दफा १०५ (१) को खण्ड (ग) बमोजिम आ.व. २०८०/८१ मा भएको खर्च अनुमोदन गर्ने ।

**(ग) विविध :**
(१) सञ्चालक समितिबाट मनोनित स्वतन्त्र सञ्चालकको नियूक्ती अनुमोदन गर्ने ।

**सभाको वैधानिकता :**
कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनीको कुल शेयरधनी संख्या २५२९० जना मध्ये ३२० जना (प्रोक्सी समेत गरी) र कुल शेयर संख्या २,५०,२६,५८० मध्ये १,३४,४२,२८८ शेयरको प्रतिनिधित्व हुने गरी अर्थात कुल शेयर संख्याको ५३.७१ प्रतिशतले प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम ११(क) बमोजिम साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानून अनुसार सभा बैधानिक भएको व्यहोरा जानकारी गराइएको ।
कम्पनीको ऐन २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम १०(क) बमोजिम यस कम्पनीको सञ्चालक समितिको अध्यक्ष श्री बिमल प्रसाद वाग्लेज्यूको सभापतित्वमा बिहान ११:०० बजे साधारण सभा शुरु गरिएको ।
सभामा शेयरधनी महानुभावहरु मध्ये १९ जना शेयरधनी महानुभावहरु क्रमश: श्री जगन्नाथ आचार्य, श्री गुण राज भट्ट, श्री उत्तम दत्त पाण्डे, श्री सुदिप श्रेष्ठ, श्री शत्रुघन श्रेष्ठ, श्री भेषराज भण्डारी, श्री उद्धव प्रसाद घिमिरे, श्री ब्रम्ह देव शाक्य, श्री चन्द्र नारायण श्रेष्ठ, श्री इन्द्र प्रसाद लामिछाने, श्री रोज कुमार श्रेष्ठ, श्री कृष्ण प्रसाद अधिकारी कश्यप, श्री बैजनाथ रौनियार, श्री लवराज जोशी, श्री युगल बसेल, श्री नरसिंह लाल चंखु, श्री ध्रुबराज न्यौपाने, श्री उत्सव श्रेष्ठ तथा श्रीमति निरुपमा गुप्ताले कम्पनीको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन लगायत वित्तीय विवरण उपर आ–आफ्नो जिज्ञासा, मन्तव्य, धारणा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो । शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा तथा मन्तव्य प्रति सभाको सभापतिज्यूले सामूहिक रुपमा प्रति उत्तर दिनु भई सभामा उपस्थिती र सक्रिय रुपमा छलफलमा सहभागी भई कम्पनीको बृहत्तर हितमा रचनात्मक सुझाव र टिप्पणी गर्नुहुने सबै शेयरधनी महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

**सभाको निर्णयहरु :**
**(क) साधारण प्रस्ताव र सो मा भएको निर्णयहरु :**
(१) आ.व. २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदन पारित गरियो ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८१ साल आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचिहरु पारित गर्नका लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदनहरु पारित गरियो ।
(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व.२०८१/८२ को लागि लेखापरीक्षक श्री एस.सी.लाल एसोसिएटस्, चार्टर्ड एकाउन्टेन्टस् नियुक्तका लागि योग्य रहेको हुदाँ निजलाई नियुक्त गर्ने निर्णय सभाबाट पारित गरियो र निजको पारिश्रमिक रु. ६,५०,०००/- (छ लाख पचास हजार रुपैयाँ) मू.अ. कर बाहेक निर्धारण गरिएको तथा अन्य खर्चहरु कम्पनीको नियम बमोजिम सोधभर्ना गर्ने प्रस्ताव सभाबाट पारित भयो ।
(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८०/८१ को मुनाफाबाट प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको समायोजनका लागि रु. ३२,९२,९७१/-(०.१३१५७९ प्रतिशत) नगद लाभांश स्विकृत गर्ने प्रस्ताव पारित भयो ।
(५) नेपाल बीमा प्राधिकरणबाट जारी भएको बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० को दफा ७ को उपदफा (२) बमोजिमको परिसूचकाङ्कको आधारमा संचालक समितिको तथा उपसमितिहरुको बैठकमा भाग लिए बापत अध्यक्षलाई रु. ११,०००/- मा रु. ३,०००/- वृद्धि गरी रु. १४,०००/- र संचालक सदस्यलाई रु. १०,०००/- मा रु. ३,०००/- वृद्धि गरी रु. १३,०००/- प्रति बैठक भत्ता प्रदान गर्न स्विकृत गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

**(ख) विषेश प्रस्ताव र सो मा भएको निर्णयहरु :**
(१) सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम आ.व. २०८०/८१ को मुनाफाबाट चुक्तापुँजी रु.२,५०,२६,५७,९८२/- (अक्षेरेपि दुई अर्ब पचास करोड छबिस लाख सन्ताउन्न हजार नौ सय बयासी रुपैयाँ) को २.५० प्रतिशतको दरले रु.६,२५,६६,४५०/- (अक्षेरेपि छ करोड पचिस लाख छैसाट्ठी हजार चार सय पचास रुपैयाँ मात्र) बराबर वोनस शेयर वितरण गर्ने प्रस्ताव र वोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलब पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो पारित गरियो ।
(२)
(क) यस सभामा प्रस्तावित बोनस शेयर जारी पश्चात प्रबन्धपत्रको दफा ५(ख) मा रहेको हालको व्यवस्था संशोधन गर्न "कम्पनीको तत्काल जारी गर्ने पूँजी रु.२,५६,५२,२४,४३२/- (दुई अर्ब छपन्न करोड बाउन्न लाख चौबीस हजार चार सय बत्तीस रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/–दरका २,५६,५२,२४४/३२ (दुई करोड छपन्न लाख बाउन्न हजार दुई सय चवालीस दशमलब तीन दुई) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था कायम गर्ने, त्यसै गरि नियमावलीको नियम ५ (ख) मा रहेको हालको व्यवस्था संशोधन गरी "कम्पनीको तत्काल जारी गर्ने पूँजी रु.२,५६,५२,२४,४३२/- (दुई अर्ब छपन्न करोड बाउन्न लाख चौबीस हजार चार सय बत्तीस रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/–दरका २,५६,५२,२४४/३२ (दुई करोड छपन्न लाख बाउन्न हजार दुई सय चवालीस दशमलब तीन दुई) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था कायम गर्ने गरी पेश भएको विशेष प्रस्ताव पारित गरियो ।
(ख) बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि भई रु.२,५६,५२,२४,४३२/- (दुई अर्ब छपन्न करोड बाउन्न लाख चौबीस हजार चार सय बत्तीस रुपैयाँ) लाई सोही अनुसार जारी तथा चुक्ता पूँजी प्रबन्धपत्रको दफा ५ (ग) र (घ) तथा नियमावलीमा नियम ५ (ग) र (घ) मा संशोधन गरी देहाय अनुसार कायम गर्ने विशेष प्रस्ताव पारित गरियो ।

**प्रबन्धपत्र दफा ५ ग : कम्पनीको जारी पुँजीको स्वामित्वको विभाजित अनुपात निम्नानुसार हुनेछ ।**
(१) संस्थापक शेयरवालाहरुले जारी पूँजीको ५१ प्रतिशतको रु. १,३०,८२,६४,४६०/३२ ( एक अर्ब तीस करोड बयासी लाख चौसाठी हजार चार सय साठी तथा पैसा बत्तीस) को शेयर लिने छन् । संस्थापक शेयरवालाहरुलाई समूह "क" भनिनेछ ।
(२) कम्पनीले जारी पूँजीको ४९ प्रतिशतको रु. १,२५,६९,५९,९७१/६८ ( एक अर्ब पचिस करोड उन्नानसत्तरी लाख उन्नानसाठी हजार नौ सय एकहत्तर तथा पैसा अतसाठी) को साधारण शेयर सर्वसाधारण (समूह "ख") को लागि छुट्याएको छ । यस समूहका लागि छुट्याइएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ ।

**प्रबन्धपत्र दफा ५ घ : कम्पनीको तत्काल चुक्ता पूँजी रु.२,५६,५२,२४,४३२/- (दुई अर्ब छपन्न करोड बाउन्न लाख चौबीस हजार चार सय बत्तीस रुपैयाँ) हुनेछ ।**

**नियमावली नियम ५ ग : कम्पनीको जारी पुँजीको स्वामित्वको विभाजित अनुपात निम्नानुसार हुनेछ ।**
(१) संस्थापक शेयरवालाहरुले जारी पूँजीको ५१ प्रतिशतको रु. १,३०,८२,६४,४६०/३२ ( एक अर्ब तीस करोड बयासी लाख चौसाठी हजार चार सय साठी तथा पैसा बत्तीस) को शेयर लिने छन् । संस्थापक शेयरवालाहरुलाई समूह "क" भनिनेछ ।
(२) कम्पनीले जारी पूँजीको ४९ प्रतिशतको रु. १,२५,६९,५९,९७१/६८ ( एक अर्ब पचिस करोड उन्नानसत्तरी लाख उन्नानसाठी हजार नौ सय एकहत्तर तथा पैसा अठसाठी) को साधारण शेयर सर्वसाधारण (समूह "ख") को लागि छुट्याएको छ । यस समूहका लागि छुट्याइएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ ।

**नियमावली नियम ५ घ : कम्पनीको तत्काल चुक्ता पूँजी रु.२,५६,५२,२४,४३२/- (दुई अर्ब छपन्न करोड बाउन्न लाख चौबीस हजार चार सय बत्तीस रुपैयाँ) हुनेछ ।**

(३)
(क) प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल तथा थपघट गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गरियो ।
(ख) पटक-पटक प्रबन्धपत्रको दफा तथा नियमावलीको नियमहरुमा भएको फेरबदललाई एकिकृत गरी नयाँ ढाँचामा प्रबन्ध-पत्र र नियमावली तयार गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा बुझाई लाग्ने राजस्व समेत तिरी नयाँ प्रबन्धपत्र तथा नियमावली अभिलेख गराई लिने प्रस्ताव पारित गरियो ।
(४) कम्पनी ऐन २०६३ को दफा १०५ (१) को खण्ड (ग) बमोजिम आ.व. २०८०/८१ मा भएको सामाजिक उत्तरदायित्व शिर्षक अन्तर्गत भएको रु. ३०,४९,७६१/- (तीस लाख उनानचास हजार सात सय एकसाठी रुपैयाँ) खर्च अनुमोदन गर्ने प्रस्ताव पारित गरियो ।

**(ग) विविध :**
(१) संचालक समितिको मिति २०८१/१०/१० गते बसेको ४६६औं बैठकबाट कम्पनी ऐन २०६३ को दफा ८६ (३) तथा बीमा ऐन २०७९ को दफा ४७ को उपदफा (४) बमोजिम रिक्त रहेको स्वतन्त्र सञ्चालक पदमा बीमा ऐन २०७९ को दफा ४९ को उपदफा (२) बमोजिम स्वतन्त्र सञ्चालक हुनका लागि योग्य हुनु भएको किरण भवन सडक, सानेपा - २, ललितपुर निवासी श्री नूर प्रकाश प्रधानलाई स्वतन्त्र संचालक पदमा आजको मिति देखि लागू हुने गरी चार (४) वर्षको लागि नियुक्ती गरिएको निर्णय अनुमोदन गरियो ।

सभापतिज्यूले यस कम्पनीको उन्नाइसौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, नियमकारी निकायहरुबाट उपस्थित हुनु भएका पर्यवेक्षक प्रतिनिधीहरु, लेखापरीक्षक, पत्रकार महानुभावहरु, कम्पनीको शेयर रजिष्ट्रार, कम्पनीको व्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरु र सम्पूर्ण सञ्चालक समितिका सदस्यहरुलाई धन्यवाद दिनु भयो । सभामा कम्पनीका लागि रचनात्मक सुझावहरु दिनु हुने वक्ता शेयरधनी महानुभावहरु प्रति आभार व्यक्त गर्नु भयो । अन्त्यमा, सभाका सभापति श्री बिमल प्रसाद वाग्लेज्यूले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नरहेकोले सम्पूर्णमा सुस्वास्थ्यको कामना गर्दै दिनको ०१:४० बजे कम्पनीको उन्नाइसौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।

**कम्पनी सचिव**

## कम्पनीको मिति २०८२ साल जेष्ठ २९ गते सम्पन्न उन्नाइसौ बार्षिक साधारण सभाबाट पारित आ.व. २०८०/०८१ को संक्षिप्त आर्थिक विवरण

### STATEMENT OF FINANCIAL POSITION AS AT 15TH JULY, 2024 (ASHAD END 2081)

Fig in NPR

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| **Assets** | | |
| Goodwill & Intangible Assets | 862,050 | 1,077,563 |
| Property and Equipment | 69,022,684 | 97,920,022 |
| Investment Properties | - | - |
| Deferred Tax Assets | 82,332,558 | 66,482,801 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investments | 2,979,019,670 | 2,473,497,409 |
| Loans | 16,028,117 | 21,220,371 |
| Reinsurance Assets | 2,136,190,848 | 1,531,499,755 |
| Current Tax Assets | 139,799,490 | 166,387,937 |
| Insurance Receivables | 514,887,010 | 717,248,686 |
| Other Assets | 338,419,206 | 430,672,414 |
| Other Financial Assets | 134,697,529 | 126,751,232 |
| Cash and Cash Equivalent | 233,908,865 | 204,815,343 |
| **Total Assets** | **6,645,168,028** | **5,837,573,532** |
| **Equity & Liabilities** | | |
| **Equity** | | |
| Share Capital | 1,539,535,960 | 1,459,275,791 |
| Share Application Money Pending Allotment | - | - |
| Share Premium | - | - |
| Special Reserves | 1,302,134,921 | 1,243,666,569 |
| Catastrophe Reserves | 77,680,190 | 71,833,354 |
| Retained Earnings | 67,241,916 | 100,574,603 |
| Other Equity | 173,789,905 | 112,203,192 |
| **Total Equity** | **3,160,382,891** | **2,987,553,510** |
| **Liabilities** | | |
| Provisions | 88,295,606 | 126,237,020 |
| Gross Insurance Contract Liabilities | 2,854,476,626 | 2,136,360,400 |
| Deferred Tax Liabilities | - | - |
| Insurance Payable | 47,963,245 | 56,875,221 |
| Current Tax Liabilities | - | - |
| Borrowings | - | - |
| Other Liabilities | 451,807,057 | 467,754,603 |
| Other Financial Liabilities | 42,242,603 | 62,792,778 |
| **Total Liabilities** | **3,484,785,137** | **2,850,020,022** |
| **Total Equity and Liabilities** | **6,645,168,028** | **5,837,573,532** |

### STATEMENT OF PROFIT OR LOSS
### FOR PERIOD 17TH JULY, 2023 - 15TH JULY, 2024 (FOR THE YEAR ENDED ASHAD 2081)

Fig in NPR

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| **Income:** | | |
| Gross Earned Premiums | 2,464,490,023 | 2,323,996,061 |
| Premiums Ceded | 1,823,911,385 | 1,585,758,042 |
| Net Earned Premiums | 640,578,638 | 738,238,019 |
| Commission Income | 329,911,141 | 354,339,794 |
| Other Direct Income | 40,819,739 | 11,552,370 |
| Income from Investments & Loans | 219,649,747 | 211,447,747 |
| Net Gain/ (Loss) on Fair Value Changes | - | - |
| Net Realised Gains/ (Losses) | - | - |
| Other Income | 40,178,992 | 34,290,841 |
| **Total Income** | **1,271,138,257** | **1,349,868,771** |
| **Expenses:** | | |
| Gross Claims Paid | 1,642,565,880 | 2,190,255,359 |
| Claims Ceded | -1,214,429,898 | -1,646,826,049 |
| Gross Change in Contract Liabilities | 599,325,031 | -440,759,165 |
| Change in Contract Liabities Ceded to Reinsurers | -583,356,635 | 368,365,334 |
| **Net Claims Incurred** | **444,104,377** | **471,035,479** |
| Commission Expenses | 69,138,118 | 81,892,859 |
| Service Fees | 5,535,265 | 6,182,560 |
| Other Direct Expenes | 12,087,928 | 7,785,657 |
| Employee Benefits Expenses | 281,604,969 | 289,007,639 |
| Depreciation and Amortization Expenses | 43,908,869 | 48,679,457 |
| Impairment Losses | 45,369,498 | 27,673,986 |
| Other Operating Expenses | 131,377,372 | 99,363,724 |
| Finance Cost | 12,120,392 | 8,752,443 |
| **Total Expenses** | **1,045,246,788** | **1,040,373,804** |
| **Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax** | **225,891,469** | **309,494,967** |
| Share of Net Profit of Associates accounted using Equity Method | - | - |
| **Profit Before Tax** | **225,891,469** | **309,494,967** |
| Income Tax Expense | 78,909,938 | 101,399,825 |
| **Net Profit/(Loss) For The Year** | **146,981,531** | **208,095,142** |
| **Earning Per Share** | | |
| Basic EPS | 9.55 | 14.26 |
| Diluted EPS | 9.55 | 14.26 |

### STATEMENT OF OTHER COMPREHENSIVE INCOME
### FOR PERIOD 17TH JULY, 2023 - 15TH JULY, 2024 (FOR THE YEAR ENDED ASHAD 2081)

Fig in NPR

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| **Net Profit/(Loss) For the Year** | **146,981,531** | **208,095,142** |
| Other Comprehensive Income | | |
| Changes in fair value of FVOCI Equity Instruments | 37,502,386 | -39,657,173 |
| Remeasurement of Post-Employment Benefit Obligations | 9,814,515 | 19,487,486 |
| Income Tax Relating to Above Items | -14,195,070 | 6,050,906 |
| Total Other Comprehensive Income For the Year, Net of Tax | 33,121,831 | -14,118,781 |
| **Total Comprehensive Income For the Year, Net of Tax** | **180,103,362** | **193,976,361** |

### STATEMENT OF CHANGES IN EQUITY
### FOR PERIOD 17TH JULY, 2023 - 15TH JULY, 2024 (FOR THE YEAR ENDED ASHAD 2081)

Fig in NPR

| Particulars | Ordinary Share Capital | Preference Shares | Share Application Money Pending Allotment | Share Premium | Retained Earnings | Revaluation Reserves | Special Reserves | Capital Reserves | Catastrophe Reserve | Corporate Social Responsibility (CSR) Reserves | Insurance Fund Including Insurance Reserve | Fair Value Reserves | Actuarial Reserves | Deferred Tax Reserve | Other Reserves | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Balance as on Shrawan 1, 2079 | 1,326,614,355 | - | - | 46,761,733 | 113,790,914 | - | - | - | 62,509,259 | - | 1,150,425,616 | 61,631,836 | 1,368,350 | 38,798,396 | 20,264 | 2,801,920,723 |
| Prior period adjustment | | | | | | | | | | | | | | | | - |
| Restated Balance as at Shrawan 1, 2079 | 1,326,614,355 | - | - | 46,761,733 | 113,790,914 | - | - | - | 62,509,259 | - | 1,150,425,616 | 61,631,836 | 1,368,350 | 38,798,396 | 20,264 | 2,801,920,723 |
| Profit/(Loss) For the Year | | | | | 208,095,142 | | | | | | | | | | | 208,095,142 |
| Other Comprehensive Income for the Year, Net of Tax | | | | | | | | | | | | | | | | - |
| i) Changes in Fair Value of FVOCI Debt Instruments | | | | | | | | | | | | | | | | - |
| ii) Gains/ (Losses) on Cash Flow Hedge | | | | | | | | | | | | | | | | - |
| iii) Exchange differences on translation of Foreign Operation | | | | | | | | | | | | | | | | - |
| iv) Changes in fair value of FVOCI Equity Instruments | | | | | | | | | | | | -27,760,021 | | | | -27,760,021 |
| v) Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets | | | | | | | | | | | | | | | | - |
| vi) Remeasurement of Post-Employment Benefit Obligations | | | | | | | | | | | | | 13,641,240 | | | 13,641,240 |
| Transfer to Special Reserve | | | | | | | 1,150,425,616 | | | | -1,150,425,616 | | | | | - |
| Transfer to Reserves/ Funds | | | | | -106,804,988 | | 93,230,821 | | 9,323,082 | 4,251,084 | | -18,489,551 | -410,505 | 18,900,056 | | - |
| Transfer to Deferred Tax Reserves | | | | | -21,633,499 | | | | | | | | | 21,633,499 | | - |
| Transfer of Depreciation on Revaluation of Property and Equipment | | | | | | | | | | | | | | | | - |
| Transfer on Disposal of Revalued Property and Equipment | | | | | | | | | | | | | | | | - |
| Transfer on Disposal of Equity Instruments Measured at FVTOCI | | | | | - | | | | | | | | | | | - |
| CSR Expenses | | | | | | | | | | -1,361,394 | | | | | | -1,361,394 |
| Transfer of Regulatory Reserve | | | | | 8,916 | | 10,132 | | 1,013 | 203 | | | | | -20,264 | - |
| Transfer of Share Premium | | | | -46,761,733 | 46,761,733 | | | | | | | | | | | - |
| Contribution by/ Distribution to the owners of the Company | | | | | | | | | | | | | | | | - |
| i) Bonus Share Issued | 132,661,436 | | | | -132,661,436 | | | | | | | | | | | - |
| ii) Share Issue | - | | | | | | | | | | | | | | | - |
| iii) Cash Dividend | | | | | -6,982,181 | | | | | | | | | | | -6,982,181 |
| iv) Dividend Distribution Tax | | | | | | | | | | | | | | | | - |
| v) Others (To be specified) | | | | | | | | | | | | | | | | - |
| **Balance as on Ashadh end, 2080** | **1,459,275,791** | **-** | **-** | **-** | **100,574,601** | **-** | **1,243,666,569** | **-** | **71,833,354** | **2,889,893** | **-** | **15,382,264** | **14,599,085** | **79,331,951** | **-** | **2,987,553,510** |
| Balance as on Shrawan 1, 2080 | 1,459,275,791 | - | - | - | 100,574,601 | - | 1,243,666,569 | - | 71,833,354 | 2,889,893 | - | 15,382,264 | 14,599,085 | 79,331,951 | - | 2,987,553,510 |
| Prior period adjustment | | | | | - | | | | | | | | | | | - |
| Restated Balance as at Shrawan 1, 2080 | 1,459,275,791 | - | - | - | 100,574,601 | - | 1,243,666,569 | - | 71,833,354 | 2,889,893 | - | 15,382,264 | 14,599,085 | 79,331,951 | - | 2,987,553,510 |
| Profit/(Loss) For the Year | | | | | 146,981,531 | | | | | | | | | | | 146,981,531 |
| Other Comprehensive Income for the Year, Net of Tax | | | | | | | | | | | | | | | | - |
| i) Changes in Fair Value of FVOCI Debt Instruments | | | | | | | | | | | | | | | | - |
| ii) Gains/ (Losses) on Cash Flow Hedge | | | | | | | | | | | | | | | | - |
| iii) Exchange differences on translation of Foreign Operation | | | | | | | | | | | | | | | | - |
| iv) Changes in fair value of FVOCI Equity Instruments | | | | | | | | | | | | 26,251,670 | | | | 26,251,670 |
| v) Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets | | | | | | | | | | | | | | | | - |
| vi) Remeasurement of Post-Employment Benefit Obligations | | | | | | | | | | | | | 6,870,161 | | | 6,870,161 |
| Transfer to Special Reserve | | | | | | | - | | | | - | | | | | |
| Transfer to Reserves/ Funds | | | | | -65,785,002 | | 58,468,352 | | 5,846,835 | 1,469,815 | | | | - | | 0 |
| Transfer to Deferred Tax Reserves | | | | | -30,044,827 | | | | | | | | | 30,044,827 | | - |
| Transfer of Depreciation on Revaluation of Property and Equipment | | | | | | | | | | | | | | | | - |
| Transfer on Disposal of Revalued Property and Equipment | | | | | | | | | | | | | | | | - |
| Transfer on Disposal of Equity Instruments Measured at FVTOCI | | | | | - | | | | | | | | | | | - |
| CSR Expenses | | | | | | | | | | -3,049,761 | | | | | | -3,049,761 |
| Transfer of Regulatory Reserve | | | | | - | | - | | - | - | | | | | - | - |
| Transfer of Share Premium | | | | - | - | | | | | | | | | | | - |
| Contribution by/ Distribution to the owners of the Company | | | | | | | | | | | | | | | | - |
| i) Bonus Share Issued | 80,260,169 | | | | -80,260,169 | | | | | | | | | | | - |
| ii) Share Issue | - | | | | | | | | | | | | | | | - |
| iii) Cash Dividend | | | | | -4,224,219 | | | | | | | | | | | -4,224,219 |
| iv) Dividend Distribution Tax | | | | | | | | | | | | | | | | - |
| v) Others (To be specified) | | | | | | | | | | | | | | | | - |
| **Balance as on Ashadh end, 2081** | **1,539,535,960** | **-** | **-** | **-** | **67,241,914** | **-** | **1,302,134,921** | **-** | **77,680,190** | **1,309,947** | **-** | **41,633,934** | **21,469,246** | **109,376,778** | **-** | **3,160,382,891** |